**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

**<u>प्रेस विज्ञप्ति</u>**

## सुदुर पश्चिम तथा कर्णाली प्रदेशमा छाउगोठ अन्त्य तथा मर्यादित महिनावारी प्रवर्द्धन सम्वन्धी साझा अभियान २०७६ अन्तर्गत अन्तरक्रियात्मक कार्यक्रम

महिला वालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको आयोजनामा मिति २०७६/१०/४ देखि मिति २०७६/१०/८ गते सम्म सुदूरपश्चिम तथा कर्णाली प्रदेशमा छाउगोठ अन्त्य तथा मर्यादित महिनावारी प्रवर्द्धन सम्बन्धी साझा अभियान अन्तर्गत छाउगोठको स्थलगत अनुगमन तथा अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भएको छ ।

महिनावारी हुदाँ महिला, किशोरी तथा बालिकाहरुलाई छाउगोठमा राख्ने प्रचलन रहेको प्रभावित क्षेत्र अछामको साँफेवगर र बयलपाटामा मिति २०७६/१०/०५ गते महिला,बालबालिका तथा ज्येष्ठ नागकिर मन्त्री माननीय पार्वत गुरुङ्ग तथा प्रतिनिधि सभा महिला तथा सामाजिक समितिका सभापति मानानीय निरुदेवी पाल लगायतका प्रतिनिधिसभा तथा राष्ट्रिय सभाका माननीय सदस्यज्यूहरु लगायत मन्त्रालयको टिमले स्थलगत अवलोकन गरेको थियो ।

### मिति २०७६/१०/६ गते, अछाम जिल्लाको मंगलसेनमा

अछाम जिल्लाको सदरमुकाम मंगलसेनमा मिति २०७६/१०/०६ गते छाउगोठ अन्त्य तथा मर्यादित महिनावारी प्रवर्द्धन सम्बन्धी साझा अभियान सम्बन्धी अन्तरक्रिया कार्यक्रममा पञ्चे बाजाको जोडी ढोलक तथा नगराबाट विगुल फुकि कार्यक्रमको शुभारम्भ गरिएको थियो । उक्त कार्यक्रममा माननीय मन्त्री पार्वत गुरुङ्गज्यू, स्वास्थ्य राज्य मन्त्री माननीय नवराज रावतज्यू, महिला तथा सामाजिक विकास समितिको माननीय सभापति तथा माननीय सदस्यज्यूहरु, प्रतिनिधि सभा सदस्यज्यूहरु, राष्ट्रिय सभाका माननीय सदस्यज्यूहरु समेत करिव ३४७ जनाको सहभागितमा अन्तरक्रिया कार्यक्रममा १६ बुँदे घोषणा पत्रमा प्रतिवद्धता जारी गर्दै सम्पन्न भएको थियो ।

### मिति २०७६/१०/७ गते, दैलेख जिल्ला दुल्लु नगरपालिकामा

दैलेख जिल्ला दुल्लु नगरपालिकामा मिति २०७६/१०/७ गते दुल्लु नगरपालिकाका नगर प्रमुखज्यू, अध्यक्षतामा माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री पार्वत गुरुङ्गको प्रमुख अतिथ्यिता, स्वास्थ्य राज्य मन्त्री नवराज रावत, प्रतिनिधि सभा सदस्यज्यूहरु लगायतका करिव ३१४ जनाको सहभागितामा छाउगोठ अन्त्य तथा मर्यादित महिनावारी प्रवर्द्धन सम्बन्धी साझा अभियान सम्बन्धी अन्तर्क्रिया कार्यक्रम गरी यस सम्बन्धमा राजनीतिक प्रतिवद्धता सहित सम्पन्न भएको थियो।

### मिति २०७६/१०/८ गते कर्णाली प्रदेशको सुर्खेतमा





छाउगोठ अन्त्य तथा मर्यादित महिनावारी प्रवर्द्धन सम्बन्धी साझा अभियान सम्बन्धी अन्तर्क्रिया कार्यक्रममा पञ्चे बाजाको जोडी ढोलक तथा नगराबाट विगुल फुकि कार्यक्रमको शुभारम्भ गरिएको थियो । उक्त कार्यक्रममा कर्णाली प्रदेशका माननीय सामाजिक विकास मन्त्री दल रावलज्यूको अध्यक्षता र महिला वालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री माननीय पार्वत गुरुङ्गज्यूको प्रमुख अतिथ्यताका साथै स्वास्थ्य राज्य मन्त्री नवराज रावतको विशेष आतिथ्यतामा करिव ९४२ जनाको सहभागितामा आयोजना गरिएको अन्तर्क्रिया कार्यक्रममा नेपाल सरकारका माननीय महान्यायधिवक्ता अग्नी खरेलज्यू, प्रतिनिसभा तथा राष्ट्रिय सभाका सदस्यज्यूहरु, कर्णाली प्रदेशका माननीय मन्त्रीज्यूहरु, कर्णाली प्रदेशका उपसभामुख माननीय पुष्पा घर्तीज्यू साथै प्रदेश सभा सामाजिक विकास समितिका सभापतिज्यू, प्रदेश सभाका अन्य समितिका सदस्यज्यूहरु, कर्णाली प्रदेश अन्तर्गतका जि.स.स.का प्रमुखज्यूहरु, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव चन्द्र कुमार घिमिरेज्यू, प्रदेश सरकारका प्रमुख सचिव केवल प्रसाद भण्डारीज्यू, प्रहरी महानिरिक्षक सर्बेन्द्र खनालज्यू, जि.स.स.का उप प्रमुखज्यूहरु, नगरपालिका प्रमुख तथा उपप्रमुखज्यूहरु, गाँउपालिकाका अध्यक्ष र उपाध्यक्षज्यूहरु, प्रदेश सरकारका सचिवज्यूहरु, सुर्खेत जिल्लाका प्रमुख जिल्ला अधिकारीज्यू, अभियान्ता राधा पौडेलज्यू, लगायत जि.स.स., नगरपालिका, गाँउपालिका महासंघका प्रमुखज्यूहरु, विकास साझेदार, गै.स.स सामाजिक अभियान्ता, नागरिक समाज, आम संचारकर्मी, सहकारी संस्थाका अगुवा, धामी झाक्री, धार्मीक अगुवा लगाएतको उत्साहपुर्ण उपस्थितिमा महिला,बालबालका तथा ज्येष्ठ नागरिक मन्त्री माननीय र्पावत गुरुङ्गज्यू, कर्णाली प्रदेशका माननीय सामाजिक विकास मन्त्री दल रावलज्यू, जिल्ला समन्वय समिति महासंघ कर्णाली प्रदेशका अध्यक्ष राजकुमार शर्माज्यू, नगरपालिका संघ कर्णाली प्रदेशका संयोजक रत्न बहादुर खड्काज्यू र गाँउपालिका महासंघ, कर्णाली प्रदेशका अध्यक्ष भिम बहादुर सेनज्यूले **"छाउगोठ अन्त्य गर्दै मर्यादित महिनावारी प्रवर्द्धनको लागि साझा घोषणा पत्रमा"** संयुक्त हस्ताक्षर गरी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो ।

मिति २०७६/१०/१५ गते